Office of Immigrant Affairs
CITY OF PHILADELPHIA

# फिलाडेल्फिया आप्रवासीहरूका लागि स्रोतहरू

फिलाडेल्फिया शहरले आफ्ना सबै बासिन्दाहरूलाई सहयोग गर्छ। अधिकांश शहर सेवाहरू नागरिकता वा अध्यागमन स्थितिको बावतब्यमा सबैको लागि उपलब्ध छन्। शहरका कर्मचारीहरू आफूले सामना गर्ने मानिसहरूको अवस्थाबारे सोध्दैनन्।

## नगरपालिकाको आईडीहरू (IDs)

नगरपालिकाको आईडीहरू(IDs) पहिचानको एक रूप हो जुन सबै फिलाडेल्फियाका बासिन्दाहरू द्वारा प्रयोग गर्न सकिन्छ। आईडी (ID) गर्नका लागि तपाईंले आफ्नो पहिचान र फिलाडेल्फिया निवासको प्रमाण प्रस्तुत गर्नुपर्नेछ। आईडी (ID) प्राप्त गर्दा शहरले अध्यागमन वा नागरिकताको स्थिति माग्ने छैन। यस शहरले नगरपालिकाको आईडी (ID)को सूचनालाई कानुनको पूर्ण सीमासम्म सुरक्षित राख्ने छ। 2019 को वसन्त ऋतुमा नगरपालिकाको आईडी(ID) कार्यक्रम सुरू हुनेछ ।

## शिक्षा र बाल हेरचाह

3 वा 4 वर्ष उमेर पुगेका बालबालिकाहरु PHL Pre-K का लागि योग्य छन् । phlprek.org मा अझ बढी सिक्नुहोस्। सबै बासिन्दाहरूलाई 5 वर्षको उमेरदेखि स्नातक सम्म वा 21 वर्ष पुगेपछि स्कूलको वर्षको अन्तसम्म सार्वजनिक स्कूलमा भाग लिने अधिकार छ। अङ्ग्रेजी भाषा सिक्नेहरूका लागि कक्षाहरू उपलब्ध छन्। नामाकरण गर्न सहायताका लागि, philasd.org/studentplacement हेर्नुहोस्।

## सार्वजनिक सुरक्षा

फिलाडेल्फिया शहरले संघीय अध्यागमन प्रवर्तन सञ्चालन गर्दैन। फिलाडेल्फिया प्रहरीले आफूले भेटेका मानिसहरूको अध्यागमन वा नागरिकताको स्थितिको बारे सोध्दैनन् जसमा पीडित र अपराधका साक्षीहरू पनि समावेश छन्। आफू घृणा अपराधको सिकार भएको छु भन्ने सोचाइ राख्ने जोसुकैले फिलाडेल्फिया प्रहरी विभागमा सम्पर्क गर्नुपर्दछ। www.phillypolice.com/districts/ तपाईंमा आफ्नो स्थानीय प्रहरी जिल्ला फेला पार्न सक्नुहुन्छ।

## नागरिकता

अमेरिकी नागरिक बन्नुले धेरै फाइदाहरू प्रदान गर्दछ, यात्राको पहुँच बढेको, सरकारी जागिरको पहुँच र भोट दिने अधिकार समावेश छ। तपाईं हाम्रो वेबसाइटमा नागरिक बन्ने बारेमा थप सिक्न सक्नुहुन्छ: https://bit.ly/2GANapL

## भाषा पहुँच

अध्यागमन मामिलाहरूको कार्यालयले भाषा पहुँच फिली, शहरको भाषा पहुँच कार्यक्रमको प्रबन्ध गर्दछ जसले अंग्रेजी पढ्न, बोल्न, लेख्न, वा बुझ्न सीमित क्षमता भएका व्यक्तिहरूलाई निःशुल्क अनुवाद सेवाहरू प्रदान कुनै पनि शहर एजेन्सीबाट सहायता वा सूचना प्राप्त गर्न, 3-1-1 डायल गर्नुहोस् र तपाईंलाई आवश्यक भाषाको अपरेटरलाई सूचित गर्नुहोस्। थप जानकारीको लागि www.phila.gov/programs/language- access-philly हेर्नुहोस्

## अध्यागमन सहायता

निःशुल्क, सुरक्षित अध्यागमन सहायता हाम्रो धेरै साझेदारहरु मध्ये एक मार्फत उपलब्ध छ। आफ्ना ग्राहकहरूको फाइदा उठाउने लाइसेन्सविना बसाइँ सराइ सेवा प्रदायकहरूदेखि होसियार रहनुहोस्। भरपर्दो, लाइसेन्स प्राप्त वकिल वा मान्यता प्राप्त प्रतिनिधिबाट मात्र सहायता लिनुहोस्।

## भेदभावबाट सुरक्षा

काम गर्ने ठाउँ, आवास र सार्वजनिक स्थानहरूमा गैरकानूनी भेदभाव, प्रतिशोध र दुव्र्यवहारबाट मुक्त हुन पाउने अधिकार फिलाडेल्फियावासीलाई छ ।

रोजगार, सम्पत्ति वा सार्वजनिक आवास उल्लङ्घनको गुनासो पेश गर्न, फिलाडेल्फिया मानव सम्बन्ध आयोग (PCHR) लाई pchr@phila.gov मा सम्पर्क गर्नुहोस् वा बेनामी हटलाइनलाई **215-686-2856** मा फोन गर्नुहोस्।

## स्वास्थ्य सेवा

सार्वजनिक अस्पताल र सहरी स्वास्थ्य केन्द्रहरूमा कम लागतको आकस्मिक र गैर-आकस्मिक स्वास्थ्य सेवा उपलब्ध छ। फिलाडेल्फियाको व्यवहारिक स्वास्थ्य को विभागले चिकित्सा, सामाजिक र शैक्षिक सेवाहरूको आवश्यकता पर्ने वयस्क र बालबालिकालाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्छ। सेवाहरूको यस नेटवर्कमा 11 सामुदायिक मानसिक स्वास्थ्य केन्द्रहरू, 30+ विशेष व्यवहारिक स्वास्थ्य एजेन्सीहरू र 5 संकट प्रतिक्रिया केन्द्रहरू समावेश छन्।

0 देखि 13 वर्ष उमेरका बालबालिका भएका न्यून आय भएका परिवारहरूले निःशुल्क वा कम लागतको बच्चा हेरचाह पाउन सक्छन्: https://bit.ly/2V9uG2L

**दोस्रो भाषाको रूपमा अङ्ग्रेजी**

थुप्रै ESL कक्षाहरू फिलाडेल्फियाका बासिन्दाहरूको लागि निःशुल्क वा कम लागतमा उपलब्ध छन्। तपाईँ नजिकको प्रदायक फेला पार्न यो अन्तरक्रियात्मक नक्सा प्रयोग गर्नुहोस्: https://bit.ly/2sqvbvD

**हामीलाई सम्पर्क गर्नुहोस्**

के तपाईंलाई प्रश्न/चिन्ता छ? **215-686-0876** वा **OIA@phila.gov** मा अध्यागमन मामिलाहरूको कार्यालयलाई सम्पर्क गर्नुहोस्।

@PhillyOIA मा फेसबुक र ट्विटरमा हामीलाई फलो गर्नुहोस्